आज मिति २०८०/०५/२४ गते अपरान्ह ४:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री शेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान् वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री रामलाल श्रेष्ठ | प्र.प्र.अ/ सचिव | |

निर्णय नं. १:

यस धनगढी उप-महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठको नेतृत्वमा विभिन्न महाशाखा, शाखा प्रमुखहरु सम्मिलित अध्ययन भ्रमण टोलीले मिति २०८०/०५/२३ देखि मिति २०८०/०४/२९ गते सम्म ७ (सात) दिन सम्म नेपालगञ्ज उप-महानगरपालिका, घोराही उप-महानगरपालिका, बुटवल उप-महानगरपालिका, भरतपुर महानगरपालिका, ललितपुर महानगरपालिका र काठमाडौँ महानगरपालिकामा गएको अन्तर नगरपालिका अध्ययन/अवलोकन भ्रमण प्रतिवेदन आजको बैठकमा पेश भई जानकारी भयो।

निर्णय नं. २:

धनगढी उप-महानगरपालिका क्षेत्र अन्तर्गत भूमिको क्षेत्र निर्धारण गर्ने सम्बन्धमा, श्री राष्ट्रिय भूमि आयोगको प.सं. ०७९/०८०, च.नं. ७५६ , मिति २०८०/०३/१३ को स्थानीय तहहरु (सबै) लाई भएको परिपत्र, उक्त परिपत्रको सम्बन्धमा, यस उप-महानगरपालिकाको प.सं. ०८०/०८१, च.नं. ८२६, मिति २०८०/०५/१० को पत्र अनुसार मापदण्ड उपलब्ध गराईदिने भन्ने विषयमा श्री राष्ट्रिय भूमि आयोग, केन्द्रीय कार्यालयलाई गरिएको पत्राचार र उक्त पत्राचार पश्चात उक्त आयोगबाट पं.सं. ०८०/०८१. च.नं. ७५ , मिति २०८०/०५/१० को स्थानीय तहहरु (सबै) लाई भएको पछिल्लो पत्रको बारेमा आजको बैठकमा पेश भई छलफल भयो। सो सम्बन्धमा, धनगढी उप-महानगरपालिका क्षेत्र अन्तर्गत के-कसरी भूमिको क्षेत्र निर्धारण गर्नुपर्ने हो ? सो को विस्तृत रुपमा अध्ययन गर्नुपर्ने वाञ्छनीय भएकोले **भूमि नियमहरु, २०२१,भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८**, राष्ट्रिय भूमि आयोगबाट विभिन्न मितिमा भएका परिपत्रहरु लगायत अन्य प्रचलित कानूनहरुको परिधिभित्र रही विस्तृत अध्ययन गरी ठोस राय सिफारिस सहितको प्रतिवेदन १५(पन्ध्र) दिन भित्र पेश गर्न वडा अध्यक्ष श्री बुद्धि बहादुर खड्काको संयोजकत्वमा जनप्रतिनिधि, सरोकारवाला निकाय र प्राविधिक कर्मचारी समेत रहेको तपसिल बमोजिमको **"भूमि क्षेत्र निर्धारण सम्बन्धी अध्ययन कार्यदल"** गठन गर्ने निर्णय गरियो। कार्यदलले आवश्यकता अनुसार सल्लाह सुझावका लागि अन्य व्यक्तिहरुलाई विज्ञका रुपमा आमन्त्रित गर्न सक्ने छ।

*तपसिल:*

१. वडा अध्यक्ष श्री बुद्धि बहादुर खड्का - संयोजक
२. वडा अध्यक्ष श्री सन्तोष मुडभरी - सदस्य
३. वडा अध्यक्ष श्री राज बहादुर ऐर - सदस्य
४. वडा अध्यक्ष श्री प्रेम बहादुर भण्डारी - सदस्य
५. वडा अध्यक्ष श्री रुप बहादुर कुँवर - सदस्य
६. वडा अध्यक्ष श्री रामलाल चौधरी - सदस्य
७. वडा अध्यक्ष श्री भुवन रिजाल - सदस्य
८. कार्यपालिका सदस्य श्री माया कुमारी भण्डारी (साउँद) - सदस्य
९. कार्यपालिका सदस्य श्री निशा आउजी - सदस्य
१०.श्री केशव जोशी, विज्ञ सदस्य, राष्ट्रिय भूमि आयोग, कैलाली - सदस्य
११.श्री प्रमुख नापी अधिकृत सदस्य-सचिव, राष्ट्रिय भूमि आयोग, कैलाली - सदस्य
१२.नापी अधिकृत श्री भुवन बहादुर शाही, धनगढी उप-महानगरपालिका - सदस्य

१३.शाखा प्रमुख श्री बागेश्वर दत्त ओझा, भूमि व्यवस्थापन शाखा, - सदस्य

१४.जि.आई.एस. ईन्जिनियर श्री नरेन्द्र भट्ट - सदस्य-सचिव

**निर्णय न. ३:**

यस धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको पश्चिम पट्टिको नयाँ सपिङ्ग कम्प्लेक्समा रहेका देहाय बमोजिमका सटरहरु मिति २०८०/०४/०९ गतेको नगर स्तरीय राजश्व परामर्श समितिको निर्णयबाट ५ (पाच) बर्ष समयावधि राखी प्रत्येक बर्ष बृद्दी हुने भाडा रकममै १०/१० प्रतिशतले बृद्दी हुने गरी मिति २०८०/०४/१३ गते १५ दिने सिलबन्दी दररेटको सूचना प्रकाशित भै दर्ता हुनआएका सिलबन्दी दररेट पत्रमा वोलपत्र मुल्यांकन समितिको मिति २०८०/०४/२९ गतेको बैठकबाट देहाय बमोजिमका व्यक्ति/फर्महरुसँग सम्झौता गर्नका लागि सिफारिस भै आएको र मिति २०८०/०४/३० गतेको नगर प्रमुख स्तरीय निर्णयबाट नगर कार्यपालिका बैठकबाट अनुमोदन हुने गरी सदर भै सम्झौता गरिएकोले उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

**तपशिल**

| सि.न. | कोठा न. | व्यक्ति/फर्मको नाम | न्यूनतम बहालकर | कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४ | सोभान सिंह मडै | २४,२०० | २४,२५०।- | |
| २ | ५ | जयन्त बोहरा | १७,१०० | १७,१००।- | |
| ३ | ६ | श्रीमती माधवी पन्त | २१,२०० | २१,२५०।- | |
| ४ | ८ | ईश्वर चौधरी | १७,६०० | १८,५००।- | |
| ५ | ९ | जनकराज जोशी | १९,५०० | २०,१००।- | |
| ६ | १० | जनकराज जोशी | २४,९०० | २५,१००।- | |
| ७ | १२ | भक्त बहादुर विष्ट | २२,५०० | २२,५०५।- | |
| ८ | १३ | भक्त बहादुर विष्ट | २२,४०० | २२,४०५।- | |
| ९ | १४ | मिन बहादुर धामी | २४,८०० | २४,८०५।- | |
| १० | १६ | रतन बहादुर सार्की | १५,१०० | १५,११०।- | |

**निर्णय नं. ४:**

आ.व.२०८०/०८१ का लागि यस धनगढी उप-महानगरपालिका भएर बग्ने खुटिया, मोहना र शिवगंगा नदी/खोलाहरुको नदी जन्य पदार्थको रोयल्टी (बिक्रि कर) संकलन गर्नका लागि आ.ब.२०७९/०८० र ०८०/०८१ का लागि प्रारम्भीक वातावरणिय परिक्षणले तोकेको घाटगद्धि स्थलहरुको मिति २०८०/०४/१५ गते र मिति २०८०/०५/०१ गते गरी दुई चरणमा कार्यालयका वातावरण अधिकृतले स्थलगत सर्वेक्षण गरि पेश गरेको प्रतिवेदन अनुसार जम्मा अध्यावधिक परिमाण १,८९,६९४.१३ घ.मी. देखिएको जसमा दिगो उत्खनन गर्न सकिने अध्यावधिक परिमाण १,७६,६४६.९२ सिफारिस भई आएकोले सो को अनुमोदन गर्ने र उक्त परिमाणलाई यस धनगढी उप-महानगरपालिकाकोआर्थिक ऐन २०८० बमोजिम निर्धारण भएको प्रति घ.मी. रु.२१२।-(मु.अ.कर बाहेक) का दरले हुन आउने रु.३,७४,४९,१४६।०८ र मु.अ.कर सहित रु.४,२३,१७,५३५।०७ कायम गरि अध्यावधिक गरिएको परिमाणलाई ठेक्का वन्दोवस्तीको लागि लाग्ने समयावधि लाई दृष्टिगत गरि कार्यपालिकाबाट स्वीकृत

तथा अनुमोदन हुने गरि सोहि परिमाणका आधारमा बोलपत्र आव्हान गर्नका लागि मिति २०८०/०५/११ गतेको नगर स्तरीय राजश्व परामर्श समितिको बैठकको निर्णयबाट सिफारिस भै आएकोले उक्त निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:**

धनगढी उप-महानगरपालिका वडा न. १ वनदेवी मन्दिर दक्षिण पट्टिको त्रिनगर मा.वि.को स्वामित्वमा रहेको कित्ता न. ११४९ को १५ कठ्ठा १२ धुर जमिनमा त्रिनगर कृषि हाट बजार संचालन ठेक्का लगाई धनगढी उप-महानगरपालिका कार्यालय, त्रिनगर मा.वि. र ठेकेदार पक्ष विच त्रिपक्षिय सम्झौता गर्ने गरि त्रिनगर मा.वि.बाट लिखित अनुरोध भै आएको र उक्त हाट बजारलाई आ.ब. ०८०/०८१ को बाकि अवधिका लागि मु.अ.कर बाहेक रु. ६,००,००० ।- (अक्षरुपि ६ लाख मात्र) न्यूनतम बढाबढ रकम राखी १५ (पन्ध्र) दिने सिलबन्दी दरभाउको सूचना प्रकाशित गर्नका लागि पछि नगर कार्यपालिका बैठकबाट अनुमोदन हुने गरी मिति २०८०/०४/०१ गते नगर प्रमुख स्तरीय निर्णय भै मिति २०८०/४/०४ गते १५ (पन्ध्र) दिने सिलबन्दी दरभाउपत्र को सूचना प्रकासित भएकोमा उक्त १५ (पन्ध्र) दिने सूचनामा सार्वजनिक खरिद नियमावली२०६४ को नियम ८४ को उप-नियम ३(क) अनुसार कम्तिमा ३ (तिन) वटा सिलबन्दी दरभाउ पत्र दर्ता हुनु पर्नेमा तिन ३ (तिन) भन्दा कम सिलबन्दी दरभाउ पत्र २ (दुई) वटा मात्र दर्ता भएकोले सोहि नियम बमोजिम मिति २०८०/०४/२१ गते दोश्रो पटक ७ (सात) दिने सिलबन्दी दरभाउ पत्र को सूचना प्रकासित गरी दर्ता हुन आएका सिलबन्दी दरभाउ पत्रहरुको मिति २०८०/०३/३० गतेको बोलपत्रमुल्यांकन समितिको निर्णयबाट मुल्यांकन गरिदा बालाजी कन्स्ट्रक्सन, धनगढी-२ ले कबोल गरेको रकम मु.अ.कर बाहेक रु. ६,१०,००० ।- (अक्षरुपी छ लाख दश हजार मात्र) मा सम्झौता गर्ने सिफारिस भै आएको र सोहि निर्णय अनुसार मिति २०८०/०४/३० गतेको नगर प्रमुख स्तरीय निर्णयबाट नगर कार्यपालिका बैठकबाट अनुमोदन हुने गरी सदर भै सम्झौता भएकोले उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६:**

धनगढी उप-महानगरपालिका वार्ड नं ८ मा रहेको तौलाहाताललाई विस्तृत कार्य विवरण (TOR) वमोजिम क्रियाकलाप गर्ने गरी न्यूनतम मासिक रु.१०,०००।-(भ्याट वाहेक) र प्रत्येक बर्ष बृद्धि रकममा १० प्रतिशत बृद्धि गर्ने गरि निजि क्षेत्रलाई छ महिना निर्माण अवधि र १० वर्ष ठेक्का अवधि हुने गरि भाडामा दिनका लागि दरभाउ पत्र आव्हान गर्नका लागि मिति २०८०/०५/११ गतेको नगर नगर स्तरीय राजश्व परामर्श समितिको बैठकको निर्णयबाट सिफारिस भै आएकोले उक्त निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.७:**

यस धनगढी उप–महानगरपालिका अन्तर्गत ६ लेन सडकको गोदावरी न.पा. सिमाना देखि भन्सार मोहना सम्म धनगढी उप–महानगरपालिका र नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानिमा स्थापना गरिएका २६६ वटा Smart Street Light पोलमा ग्लो वोर्डमा विज्ञापन समाग्री राखी प्रचार प्रसार गर्न प्रति वर्ग फिट प्रति महिना न्यूनतम रु.१२०।- (भ्याट वाहेक) अंक कायम गरि प्रति वर्ष बृद्धि हुने रकममै १०/१० प्रतिसतले बृद्रि हुने गरि ५(पाँच) बर्षका लागि ठेक्कामा लगाउनका लागि मिति २०८०/०५/११ गतेको नगर स्तरीय राजश्व परामर्श समितिको बैठकको निर्णयबाट सिफारिस भै आएकोले उक्त निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८:**

यस धनगढी उप-महानगरपालिकाको वडा न. ४ स्थित १९ कट्ठा जग्गा र को मा रहेको बसपार्क टर्मिनल भवनको तल्लो तल्ला ठेक्कामा लगाउन मिति २०८०/०४/०१ गते नगर प्रमुखबाट स्वीकृत टिप्पणीमा उल्लेख भएका बुँदाहरु अनुसार गरेको सम्झौताका शर्तहरु समेतको सम्झौता र टिप्पणी सदरको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्र बसोबास गर्ने थारु समुदायले नागपञ्चमीका दिन मनाउने गुरही पर्व र सुदूरपश्चिमबासीहरुले गौरा अष्टमीको दिन मनाउने गौरा पर्वको अवसरमा यस धनगढी उप-महानगरपालिकाद्वारा मिति २०८०/०५/०४ गते र मिति २०८० /०५/२१ गते धनगढी उप-महानगरपालिका अन्तर्गतका अत्यावश्यक सेवा बाहेक कार्यालयहरु, शिक्षण संस्थाहरु एवं संघ-संस्थाहरुलाई दिईएको १/१(एक/एक) दिनको स्थानीय बिदा दिने नगर प्रमुख स्तरिय निर्णय अनुमोदन गरियो ।

आजको बैठक अन्त गरियो ।